स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



रेखा थापासँग बहुआयामिक परिचय छन्- अभिनेत्री, नेतृ, फिल्म निर्मात्री र निर्देशक । उनै रेखा मंगलबार जन्मदिन मनाएकी छिन् । रेखा आउँदो सातादेखि फिल्म 'उपहार'को छायांकनमा व्यस्त हुँदैछिन् । आफ्नो ब्यानर रेखा फिल्म्सले निर्माण गर्ने यो फिल्ममा उनको पनि शीर्षमध्येको भूमिका छ । यतिबेला फिल्म, राजनीति र वैवाहिक जीवनमा व्यस्त रेखाले आफ्ना आगामी योजनाबारे गफगाफ गरेकी छन् ।

**आजको विचार...**



**निर्णयप्रति...**
*(दुई पेजमा)*

**प्रा.देवीभक्त ढकाल**



अभिनेत्री परमिता आरएल राणाले जीवनसाथी भेटेकी छन् । उनले इन्स्टाग्राममा एउटा रिल पोस्ट गर्दै आफ्नो जीवनसाथी सार्वजनिक गरेकी छन् । उनले 'हाई सोलमेट' भनेर उल्लेख गरेकी छन् । उनले विवाह बन्धनमा बाँधिएको जानकारी भने गराएकी छैनन् । उनका 'सोलमेट' मलायाली (भारतीय) हुन् । उनले आफ्नो जीवनसाथीसँग केराको पातमा खाना खाइरहेको पनि देखिन्छ । परमिताले जीवनसाथीको बारेमा कुनै जानकारी गराएकी छैनन् । उनलाई इन्स्टाग्राममा नयाँ यात्राका लागि बधाईको ओइरो लागेको छ ।

❑ वर्ष २९ ❑ अंक ३८ ❑ २०८० भदौ ६ गते बुधबार 23 August 2023, Wednesday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### हवाई डढेलोमा एक सय पन्ध्र जनाको मृत्यु

**(रासस/सिन्ह्वा)**

**माउई (हवाई),** भदौ ५/संयुक्त राज्य अमेरिकाको हवाई राज्यको माउई जंगलमा लागेको डढेलो मानव बसोबास भएका स्थानमा फैलदा त्यसमा परेर ज्यान गुमाउनेको संख्या एक सय १५ पुगेको छ । माउ काउन्टीले मंगलबार जारी गरेको पछिल्लो विवरणअनुसार आठ सय ५० जना अझै हराइरहेका छन् भने खोजी तथा उद्धारका प्रयासलाई निरन्तरता दिइएको छ । आगोको चपेटामा परेका सबै एकतले आवासीय भवनमा खोज जारी छभने अबको खोज बहुतले आवासीय र व्यावसायिक भवनमा हुने माउईका प्रमुख रिचर्ड बिसेनले बताएका छन् । राष्ट्रपति जो बाइडेन र प्रथम महिला जिल बाइडेनले लहाइनाको आग्निप्रभावित क्षेत्रको भ्रमण गरेर पीडितहरूलाई सात्वाना दिएका छन् । राष्ट्रपतिले आगोले सखाप पारेका स्थानको पुनर्निर्माणमा संघीय सरकारबाट सबै सहायता उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेका छन् । अग्निपीडित समुदायलाई सम्बोधन गर्दै उनले भने, "हामी यी पवित्र स्थल र यहाँको परम्पराको सम्मान गर्छौं र माउईका जनताले निर्माण गर्न चाहेअनुरुप पुनर्निर्माण गर्नेछौं ।"

# मुद्दा जित्नुको उपहार गाउँबाट बहिष्कार

**राधेश्याम विश्वकर्मा (रासस)— भैरहवा (रुपन्देही),** भदौ ५/देवदह नगरपालिका-१२ ढोलबजवा बस्छन् शिवबिन्दु भुज । उमेरले करिब ६० काटेका भुजको परिवार अहिले सामाजिक बहिष्करणमा परेको छ । गाउँमै पसल भएपनि उनले पसलबाट केही खरिद गर्न पाउँदैनन् । गाउँमा उर्दी जारी भएको छ "भुजको परिवारलाई केही नदिनु, कोही नबोल्नु ।" शिवबिन्दुसँग बोल्ने गाउँलेलाई रु २५ हजार जरिवानासमेत तोकिएको छ । गाउँमा समान खरिद गर्न नपाएपछि उनी सलाई खरिद गर्नुपरे पनि नजिकैको बजार मझौली पुग्नुपर्छ । बालापनका साथीहरुबाट अहिले अछुतको झैं व्यवहार सहनु परेको छ । उनी अरुको घर जान पाउँदैन, अरु उनको घर आउँदैनन् ।



सामाजिक बहिष्करणमा परेका शिवबिन्दुको दोष भनेको उनका भाइ पशुपति भुजले मुद्दा जित्नु हो । काठमाडौं बस्ने पशुपतिले सार्वजनिक जग्गा कब्जा गरी बसेका गाउँलेहरु बिरुद्ध मुद्दा दर्ता गरी जिल्ला अदालत र उच्च अदालतबाट मुद्दा जितेपछि उनका दाजु सामाजिक बहिष्करणमा परेका हुन् । पशुपति पनि गाउँ छोडेर काठमाडौं बस्नु परेको छ । देवदह नगरपालिका-१२ ढोलबजवामा रहेको करिब तीन बिगाहा आठ कठ्ठा १२ धुर सार्वजनिक जग्गा गाउँलेहरुले दामासाहीले बाँडेका थिए । आठ नम्बर पर्तिको रुपमा रहेको सार्वजनिक जग्गा गौचरणको साथै मरेका घरपालुवाहरु फाल्ने स्थलको रुपमा रहेको थियो । ढोलबजवा गाउँभन्दा उत्तरतर्फको उक्त जग्गामा गाउँलेले कब्जा गरेपछि पशुपतिले रुपन्देही जिल्ला अदालतमा २७ जना गाउँलेविरुद्ध "सार्वजनिक जग्गा चलन चलाई पाउँ" भन्दै मुद्दा दर्ता गरे । सोहीअनुसार २०७७ माघ २९ गते जिल्ला अदालतले भुजको पक्षमा फैसला गर्दै सार्वजनिक जग्गा खाली गर्न आदेश दिएको थियो । यसमा गाउँलेहरुले चित्त बुझाएनन् र पुनरावेदन गरे । पुनरावेदनमा पनि उच्च अदालत तुलसीपुर बुटवल इजलाशले २०७९ कात्तिक २८ गते जिल्लाकै फैसलालाई सदर गरिदियो । फैसला गर्दै उच्च अदालतले चलन चलाई सार्वजनिक रुपमा रहेको सो जग्गामा रहेको संरचनाहरु हटाउन आदेश दियो । अदालतले दिएको सोही आदेश अहिले पशुपति भुजको परिवारलाई "सामाजिक बहिष्करण" को कारण बनेको छ । आदेशकै कारण उनी गाउँमा जान सकेका छैनन् भने उनको परिवारलाई गाउँलेले बहिष्कार गरेका छन् । "वडा कार्यालयमा चारकिल्ला लिन गएको थिएँ, मलाई कुटपिटको प्रयास गरियो," भुजले भने "सार्वजनिक जग्गा संरक्षण त स्थानीय तहले नै गर्नुपर्ने हो तर उहाँहरु त अतिक्रमण गर्नेहरुको पक्षमा हुनुहुन्छ ।"


सार्वजनिकरुपमा चलन चलाई दिने भन्दै रुपन्देही जिल्ला अदालतले जिल्ला प्रशासन कार्यालय रुपन्देही र इलाका प्रहरी कार्यालयलाई बोधार्थ दिँदै देवदह नगरपालिका(१२ लाई पत्राचार गरेको छ । तर अदालतको सो आदेश कार्यान्वयन गराउन यी तीनै निकायले चासो नदिएको भुजको आरोप छ । "सार्वजनिक जग्गाको संरक्षण होस् भन्ने मेरो उद्देश्य हो, सोही बमोजिम मुद्दा दायर गरेको हुँ", नी भन्छन्, "तर अहिले सोही विषयलाई लिएर मलाई र परिवारलाई ज्यान मार्ने धम्कीहरु आइरहेको छ ।" उनले आफ्नो परिवारको जिउधनको रक्षाका लागि सहयोग गरिदिन पनि अपिल गरेका छन् ।

जग्गा कब्जा गर्ने गाउँलेहरुले पनि सो जग्गा सार्वजनिक पर्ति रहेको स्वीकार गरेका छन् । सशस्त्र द्वन्द्वको समयमा खाली जग्गा कब्जा हुनबाट जोगाउन गाउँलेले उक्त स्थानमा झुपडी बनाएका थिए । अहिले सो स्थानमा पक्की घरहरु बनेका छन् । "यत्रो लगानी गरिसकेका छौं, वडा कार्यालयलाई घरधुरीलगायत अन्य करहरु पनि तिरिरहेकै छौं सरकारले कसरी घर भत्काउन भन्न सक्छ ?" स्थानीय रीताकुमारी कँवरले प्रश्न गरिन्, "यहाँ अधिकांश हामी भूमिहीन छौं अब हामी छाडेर कहाँ जाने ?" कब्जा गरेको भनिएको जग्गामा अहिले आफूहरुले लाखौं खर्च गरी पक्की संरचना निर्माण गरेकाले जग्गा छोड्न नसक्ने अडान गाउँलेहरुको रहेको छ । गाउँलेहरुले एकै स्वरमा पशुपति भुजले दुःख दिने नियतले मुद्दा हालेको बताएका छन् ।

गाउँलेहरुको भनाइलाई नै वडा कार्यालयले समर्थन गरेको छ । रुपन्देही जिल्ला अदालतले वडा कार्यालयलाई घर टहरा भत्काई सार्वजनिक जग्गा खाली गराउन आदेश दिए पनि वडाध्यक्षले सो आदेशको पालन गर्न नसक्ने बताए । देवदह नगरपालिका-१२ का वडाध्यक्ष डेगबहादुर सारु मगरले उक्त जग्गा खाली गराउन नसकिने बताए । उनले भने, "उजुरी र फैसलामा जबरजस्ती कब्जा गरी बसेको भनिएको छ, तर उक्त जग्गा जबरजस्ती कब्जा गरेको नभई तत्कालीन परिस्थिति अनुसार बाँडेको देखिन्छ ।" आफ्नो क्षेत्रमा रहेको सार्वजनिक जग्गा संरक्षण गर्नुपर्ने निकायले नै भोटको राजनीतिका कारण कब्जा भएको जग्गा पनि फुकाउन सकेको छैन । मुलुकी देवानी संहिता २०७४ को दफा ३०४ मा सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने दायित्व जिल्ला प्रशासन कार्यालय र स्थानीय तहलाई दिएको छ ।

## आँखा पाक्ने रोगबाट बच्ने उपाय

- संक्रमित व्यक्तिको सम्पर्कमा नजाने,
- संक्रमण भएको छ भने भीडभाडमा नजाने,
- संक्रमित व्यक्तिले प्रयोग गरेका टावेल, रुमाल, सिरानी, तन्ना जस्ता वस्तुको प्रयोग नगर्ने,
- जथाभावी आँखा नछुने, छुनैपर्ने भएमा छुनु अघि वा छोइसकेपछि साबुन पानीले राम्रोसँग हात धुने,
- व्यक्तिगत सरसफाइमा ध्यान दिने ।



नेपाल सरकार

**विज्ञापन बोर्ड**

# आँखा पाक्ने रोगमा 'इन्टेरो भाइरस' संक्रमण बढी

**पाल्पा,** भदौ ५/नेपालमा अहिले देखिएको आँखा पाक्ने रोग (भाइरल कन्जङक्टिभाइटिस) मा इन्टेरो भाइरस संक्रमण बढी भएको पाइएको छ । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा गरिएको १० नमूना परीक्षणमा ८० प्रतिशतमा इन्टेरो भाइरस संक्रमण देखिएको प्रयोगशालाका सूचना अधिकारी कृष्णप्रसाद जैसीले जानकारी दिए । पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट नमूना संकलन गरिएको थियो । यसअघि प्रयोगशालाले गरेको नमूना परीक्षणमा एडिनो भाइरस देखिएको थियो ।



यस्तै प्रयोगशालाले सातवटै प्रदेशमा रहेका अस्पतालबाट आँखा पाक्ने रोगको भाइरसको नमूना संकलन गरेर पठाउन आग्रह गरेको छ । प्रयोगशालाले नेत्र ज्योति संघलाई प्रत्येक प्रदेशबाट एक सय ५० नमूना संकलन गरेर पठाउन निर्देशन दिएको सूचना अधिकारी जैसीले जानकारी दिए । आँखा पाक्ने रोगका लक्षण आँखा रातो हुनु र चिलाउने, आँखाबाट आँसु बगिरहने वा कचेरा/चिप्रा लाग्ने, आँखाको ढकनी रातो हुनु, सुन्निने, आँखा बिझाउने/दुख्ने र घाममा वा उज्यालोमा हेर्न गाह्रो हुनेजस्ता समस्या भाइरल कन्जङक्टिभाइटिसमा हुने गर्दछ । भाइरल कन्जङक्टिभाइटिस संक्रमण भएपछि जथाभावी आँखा नछुने, आँखा छुनु परेमा साबुन पानीले राम्ररी हात धुने गर्नुपर्दछ । यस्तै बाहिर घाममा निस्कँदा कालो चस्मा प्रयोग गर्ने, संक्रमित व्यक्तिले प्रयोग गरेका सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने जस्ता स्याहार आँखाको गर्नुपर्दछ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## ठूला माछा देखाएर सानाको शिकार

पूर्वप्रधानमन्त्रीहरु समाजवादीका नेता माधवकुमार नेपाल, डा.बावुराम भट्टराईलाई सीआइवीले लिएको वयानलाई मुलुक र संसारभर नेपालको बारेमा जान्न र बुझ्न खोज्नेहरुले अहिले विभिन्न कोणबाट व्याख्या गरिएको अवस्था छ । ललिता निवास जग्गा प्रकरणका क्रममा भइरहेको छानवीनलाई आधार बनाउनका लागि गरिएको यो वयानलाई सरकारको गृहप्रशासनले आफ्नो कर्म गर्ने सोंचका साथ कर्मकाण्डी हिसावमा यसो गरियो भन्नेहरु पनि यहाँ छन् भने, यो कार्यको थालनी गरेर सरकारले छानवीनको दायरा फराकिलो बनायो, यसले गलत क्रियाकलापमा सहभागी कसैलाई पनि अनुसन्धानले छोड्दैन, शक्तिको भरमा अनुसन्धान भएका छैनन् भन्ने कुराको थोरै भएपनि पुष्टि गर्ने प्रयास भएको पाइन्छ । अनियमितता भयो भन्ने कुरा चलेपछि छानवीनको दायरालाई फराकिलो बनाउँनु आफैमा अत्यान्तै राम्रो र सकारात्मक हो तर ठूला माछा देखाएर साना माछाको शिकार हुन्छ कि भन्ने शंका र चिन्ताहरु पनि प्रसस्त देखिएका छन् ।

कुनै कुराको गहिराइमा पुगेर अनुसन्धान गर्ने काम हुनु आफैमा अत्यान्तै राम्रो हुँदाहुँदै पनि समस्याको पहिचान गरे पछि कार्यवाहीको प्रक्रियामा समान न्यायको सिद्धान्त अवलम्वन भएन भने समस्या उत्पन्न हुन सक्छ । भूटानी शरणारर्थी प्रकरण र सुनकाण्डका नाईकेहरुका मुद्दा क्रमश: सेलाउँदै जाने क्रम जस्तै यो पनि 'हात्ती आयो, हात्ती आयो, फुस्सा' त हुँदैन ? भन्ने जस्ता प्रश्नहरु अहिले सर्वत्र चर्चाको शिखरमा छन् । गृहमन्त्री नारायणकाजी श्रेष्ठको दृढता र आत्मविश्वासमा कमी आएको छैन । प्रधानमन्त्री पनि दोषीउपर कार्यवाही र कानुनको पालनामा कमी हुनु हुँदैन भन्ने आशयका साथ अगाडि बढेको आभास भइरहेका बेला, प्रक्रियाको छिनोफानो र गलतलाई गलत अनि सहीलाई ठीक, भन्ने प्रवृतिको विकास व्यवहारिक रुपमा भएको नेपाली जनता देख्न चाहान्छन् । त्यसकारण अनुसन्धानका पक्षमा सरकार कतै पनि नढल्नेकर, स्वतन्त्र न्याय सम्पादन र कार्यान्वयनमा अगाडि बढ्यो भने मात्र देशले निकास पाउँन सक्छ, अन्यथा कुरा गर्ने काम नगर्ने प्रवृतिको विकास बाहेक केही पनि हुन सक्दैन ।

### Opinion @ Social Network

सधैंभरि ढुङ्गाको मात्रै दोष हुँदैन, कतिपय ठेसहरु
आफू हिड्न नजानेरै पनि लागेका हुन्छन् ।


*(प्रविना मगरको फेसबुक स्टाटस https://www.facebook.com//prabeena.magar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# निर्णयप्रति निर्णयकर्ताको नैतिक जिम्मेवारी हुँदैन ?



**प्रा.देवीभक्त ढकाल**

निर्णय शब्दको शाब्दिक अर्थ कुनै समस्या समाधानका सन्दर्भमा देखापर्ने विभिन्न विकल्पमध्ये कुनै एक उत्तम र विशिष्ट विकल्पको छनौट र कार्यान्वयन हो । निर्णय गर्नुपूर्व निर्णयकर्ता वा निर्णय गर्ने समूहले सर्वोत्कृष्ट निर्णय लिनका लागि समस्यासँग प्रत्यक्ष सम्बन्धित विभिन्न तत्वको मूल्यांकन, विश्लेषण, अध्ययन, अनुसन्धान र अनुभवको समीक्षा जस्ता विषयको भूमिका महत्वपूर्ण हुन्छ । निर्णय भनेको त्यसको कार्यान्वयन र त्यसले भविष्यमा पार्ने सकारात्मक र नकारात्मक प्रभावको पूर्वानुमानको कार्यसूची हो । गलत पूर्वानुमानले गलत परिणाम दिन्छ । त्यो निर्णयकर्ताको असफलता हो । देश र जनताको दुर्भाग्य हो । त्यसैले पूर्वानुमान गर्दा निर्णय गर्ने अधिकारीहरूले वास्तविक र यथार्थपरक पूर्वानुमान गरेनन् भने निर्णयको औचित्यमा प्रश्नचिह्न लाग्छ । गलत नजिर बस्छ । एउटामात्र गलत निर्णयले राम्रा कामहरूबाट प्राप्त प्रतिष्ठा सबै लिलाम हुन्छन् । निर्णय गर्दा समस्याको गहिराइ र वास्तविकतामा प्रवेश गर्नुपर्छ । त्यसको नकारात्मक परिणामलाई पनि हृदयत: आत्मसात गर्दै जवाफदेहीता लिनुपर्छ । निर्णयप्रतिको जवाफदेही नै निर्णयकर्ताको योग्यता र विशेषता हो । त्यो राजनीतिज्ञहरूको वास्तविक पुँजी हो । निर्णयपूर्व त्यसको कार्यान्वयनको खाका र प्रभावको पूर्वविश्लेषण, समीक्षा वस्तुपरक र यथार्थपरक भएन भने निर्णय कार्यान्वयन हुँदैनन् ।

निर्णयकर्ताले निर्णय कार्यान्वयन नभएको खण्डमा त्यसको जिम्मेवारी र जवाफदेही लिँदैन भने त्यस्तो निर्णयकर्ता र निर्णायक समूह गैरजिम्मेवार मानिन्छ । कुनै पनि निर्णयको कार्यान्वयनबाट उत्पन्न परिणामप्रति निर्णयकर्ताले नैतिक जिम्मेवारी र जवाफदेही लिदैनन् भने त्यस्ता निर्णयले र निर्णयकर्ताले समस्याको समाधान गर्दैनन् बरू उल्टै समस्याको उत्पादन गर्छन् । निर्णय लिनुको अर्थ भनेको व्यक्तिगत, व्यावसायिक, राजनीतिक वा सामाजिक चुनौतीहरूको समाधानको खाका तयार गर्नु हो । कुनै पनि निर्णयको लक्ष्य हुन्छ । निर्णय लिनुपूर्व कार्यान्वयनको लक्ष्य प्राप्तिमा आफ्नो सामर्थ्य उपलब्ध प्रविधि, भूगोल, मानव संशाधन र भौतिक संशाधनको अवस्थाका साथै सामाजिक परिवेशलाई ध्यानमा राख्नुपर्छ । निर्णय गर्नेहरूले त्यसको कानुनी साथै आर्थिक सामाजिक प्रभाव र परिणामलाई बेवास्ता गर्न पाइँदैन । त्यसैले निर्णय गर्नुपूर्व अपनाउनुपर्ने सबै व्यावहारिक र सैद्धान्तिक प्रक्रियालाई पालना नगरीकन गर्ने निर्णयको परिणाम आत्मघाती हुनसक्छ भन्ने हेक्का सम्बन्धित अधिकारीमा हुनुपर्छ । हतारमा निर्णय गर्ने र फुर्सदमा पछुताउने निर्णय निर्णयका नाममा कलंक हुन् । हालसम्म हाम्रा पार्टीहरूका र सरकारी निर्णयले यस्तै नियतिलाई भोग्दै आएको तीतो यथार्थ किन हामी सबैले पटाक्षेप गर्दैनौं ? यो शैली र प्रवृत्तिका कारण भ्रष्टाचार, कुशासन र ज्यादतीले संरक्षण पाएको यथार्थमा हामी कसरी र कहिले प्रवेश गर्ने ? यो रणनीति निर्माण गर्ने र त्यसको नेतृत्व गर्नेहरूको पर्खाइमा अहिले नेपाली र नेपाल छ । निर्णयको विश्वसनीयता, निर्णयकर्ताको यसअघिका निर्णहरूको कार्यान्वयनको परिणाम र इमानदारीमा निर्भर गर्छ । असफल, बेइमानी र बदनियतपूर्ण निर्णयकर्ताका निर्णयको सफलताको सम्भावना कम हुन्छ । त्यसैले त्यस्ता निर्णयप्रति जनता आश्वस्त हुनसक्ने अवस्था हुँदैन । नैतिकता र निर्णयकर्ताको सम्बन्धको विशेष महत्व हुन्छ । निर्णयकर्तामा नैतिकता र जवाफदेही साथै इमानदारी छैन भने त्यस्ता निर्णय कार्यान्वयन हुँदैनन् । निर्णयकर्ताको नैतिकता, आदर्श, प्रतिष्ठा आदिले निर्णय प्रक्रियालाई न्यायसंगत र विश्वसनीय बनाउँछ । निर्णय जतिसुकै राम्रो भए पनि त्यसको अक्षरस: कार्यान्वयन हुने विश्वसनीय वातावरण बनेन भने त्यस्ता निर्णय कार्यान्वयन हुँदैनन् । कार्यान्वयन नहुने निर्णयले निराशा र जनअसन्तोष सिर्जना गर्छन् । त्यसैले निर्णय समस्या समाधानमा असफल हुँदै गर्दा निर्णयका विरुद्धमा सिर्जित जनमतले परिस्थिति प्रतिकूल हुन्छ । निर्णयपूर्व समीक्षा र विश्लेषण साथै सतर्कता अपनाउनुपर्ने विषयमा समेत निर्णयाधिकारीले विवेक पुऱ्याउनुपर्छ ।

निर्णयाधिकारीको निर्णयपूर्वको दायित्व र सतर्कता भनेको विगतका निर्णयको कार्यान्वयनको सफलता र असफलता के छ ? सफल थिए भने सफलतामा भूमिका निर्वाह गर्ने पक्ष के थिए ? ती विषयलाई अझै सबलीकरण र सक्षम गर्ने योजना बनाउनुपर्छ भने असफल भएको भए असफल हुनाका कारणलाई वास्तविक समीक्षा, विश्लेषण, अध्ययन र अनुसन्धानका माध्यमले असफलतालाई पन्छाउने योजनासमेतको खाका बनाउनुपर्छ । निर्णय कार्यान्वयनमा हिजो देखिएका समस्याको समाधानको वास्तविक खाका कोर्नुपर्छ । त्यसलाई कार्यान्वयन गर्ने सशक्त योजना बनाउने काम निर्णय गर्ने निकायको जिम्मेवारीमा पर्छ । सरकारद्वारा गरिने निर्णय र समाजका बीच गहिरो सम्बन्ध हुन्छ । किनकि सरकारका निर्णयले समाजको विकास, सुरक्षा साथै आर्थिक सामाजिक विकासमा बहुपक्षीय प्रभाव पार्छ । सरकारको आर्थिक योजना, लगानी अन्य विविध कार्यक्रमको सहयोग र मद्दतले देशको आर्थिक वृद्धि र विकासलाई प्रोत्साहित गर्छ । सरकारी निर्णयको कार्यान्वयनले नागरिकलाई रोजगारीका अवसरहरूको वृद्धि र उद्यमशीलताको विकास र विस्तार गर्छ । सकारात्मक परिणामले देशको आर्थिक सामाजिक स्थितिमा सुधार आउँछ । सरकारी योजना र निर्णयले नै गरिबहरूलाई वित्तीय सहायता, खाद्य सुरक्षा, रोजगारी तथा आवास आदिको विशेष व्यवस्था गरेर समाजका पिछडिएका वर्गको हितमा हुने निर्णयले समाजमा समानता, सामञ्जस्यता र विकासको पूर्वाधार निर्माणमा प्रत्यक्ष सहयोग गर्छ । सार्वजनिक नीति, योजना र निर्णयका माध्यमबाट सामाजिक विकासमा सरकार सहयोगी बन्छ । निर्णय आफैंमा महत्वपूर्ण हुँदैन । निर्णयको अर्थ र महत्व वास्तवमा त्यसको कार्यान्वयनबाट निस्कने सकारात्मक परिणामसँग हुन्छ । कार्यान्वयन नहुने निर्णयका लागि हुने निर्णय सबै देश र जनताका लागि धोखा हुन् । निर्णयको कार्यान्वयनको अवस्थाले निर्णय कति कामयाव छन् र कति धोखामा परिणत भएका छन् भन्ने कुरा निर्णयको निरपेक्ष मूल्यांकन र समीक्षाबाट हामी निर्क्यौलमा पुग्न सक्छौं । सरकारको निर्णय सैद्धान्तिक हुनुपर्छ । एउटै विषयमा कोही दण्डित हुने कसैले मुक्ति अर्थात् छुट पाउने निर्णय भयो र व्यवहार भयो भने त्यस्ता निर्णय प्रक्रिया र निर्णय गर्ने अधिकारी जनताको आँखाको तारो बन्छन् । सरकारका निर्णयबाट कोही काखा र कोही पाखा परेको अनुभूति जनताले गर्ने अवस्था भनेको प्रजातन्त्र र समानताको दुहाइ दिने शासन र शासकका लागि दुर्भाग्य हो । त्यसैले निर्णय गर्नुभन्दा पहिले उक्त निर्णयको प्रभाव जनतामा के पर्छ ? निर्णय अगावै पूर्वसमीक्षा र सतर्कता अपनाउनुपर्छ । उदाहरणका लागि अहिले चर्चामा आएको ललिता निवास जग्गा प्रकरणमा अनियमितता भएको विषय जगजाहेर छ । उक्त सरकारी जग्गामा मोही खडा गरेर त्यसलाई निजी बनाउने बदनियतपूर्ण निर्णयबाट घोटाला र भ्रष्टाचारको सुरुवात भएको हो । उक्त घोटालाको सूत्रपात सामान्य कर्मचारी, नागरिक र जग्गा दलाल र बिचौलियाहरू वा भूमाफिया जस्ता व्यापारिक घरानाबाट सम्भव थिएन । यो प्रकरणको सुरुवात देशको कार्यकारी प्रमुखको जिम्मेवारीमा रहेका सर्वाधिकार सम्पन्न प्रधानमन्त्रीहरूको दस्तखत भएको निर्णयबाट भएको छ । यस्ता निर्णयको नैतिक जिम्मेवारी ती प्रधानमन्त्रीहरूले लिनुपर्ने कि नपर्ने ? अख्तियारको कार्बाहीबाट जोगिन मन्त्रिपरिषद्बाट हुने सबै निर्णय निर्णयका नामका कलंक हुन् । यो भ्रष्टाचार र कुशासनको नयाँ विधि र प्रविधि हो । ललितानिवास काण्डका सन्दर्भमा मन्त्रिपरिषद्को निर्णयबाट जग्गा प्रकरणमा घोटाला भएको विषय निश्चित हुँदाहुँदै सो निर्णयमा टेकेर भएको घोटालामा सबैभन्दा जिम्मेवार तत्कालीन प्रधानमन्त्रीहरू माधवकुमार नेपाल र बाबुराम भट्टराई छानविनको घेरामा नपर्ने तर त्यसभन्दा तल्लो तहका सबै छानविनमा पर्ने विषय जनताको बुझाइमा आठौं आश्चर्य मानिएको छ । के सरकारले ठूलाबडा कानुनी कारबाहीमा पर्नुपर्दैन भन्ने सन्देश र नजिर स्थापित गर्न खोजेको हो ? मुख्य निर्णयकर्ता छानबिनमा नपर्ने अन्य पर्ने किन भन्ने प्रश्नको उत्तर जनतालाई जिम्मेवारीमा हुनेले दिनुपर्ने कि नपर्ने ? यो विधिद्वारा सञ्चालित राज्यसत्ता हो कि केटाकेटीको खेल हो ? ललितानिवासको छानविन बाबुराम र माधवकुमारमा, शरणार्थी प्रकरणको छानविन आरजु देउवा र मञ्जु खाँडमा, सुन तस्करी कृष्णबहादुर महरा, वर्षामानमा र गौर नरसंहारको फाइल उपेन्द्र यादवसम्म नपुग्दै किन रोकियो ? के यिनीहरू सबै कानुनभन्दा माथिका हुन् ? यो संगीन प्रश्न प्रधानमन्त्री, गृहमन्त्रीमा मात्रै सीमित नभएर देशको समग्र सुरक्षा र कानुनको पालना गराउने जिम्मेवारी लिएको जटिल र गहन प्रकृतिका अपराधको प्रभावकारी अनुसन्धानको विश्वसनीयता, निष्पक्षता र साहसको मान्यता बोकेको प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोतिर तेर्सिएको छ । यसभित्र जनतालाई अँध्यारोमा राख्ने दुई-चारजनाको अलिखित निर्णयहरूले देशको संविधान र कानुनको धर्म र मर्मलाई लिलामी गरेको छ । यसले सम्बन्धित पद र पदाधिकारीको विश्वसनीयता, इमान सबै लिलामीमा चढेको छ । कानुनी राज्यमा यसभन्दा अर्को बेइज्जती र अराजकता के हुनसक्छ ? सत्तालाई व्यक्तिगत र पारिवारिक लाभमा सीमित गरेर भ्रष्टाचारको साम्राज्य निर्माण गर्नेबीचको आन्तरिक लेनदेनका गोप्य सन्धि सम्झौताहरूको कार्यान्वयनमा अख्तियार, प्रहरी र अदालतको साथ लिन सहयोगी वातावरणमा हाम्रो नियुक्ति प्रक्रिया पूर्णत: जिम्मेवार छ । संवैधानिक निकायको नियुक्ति साथै प्रहरी, सेना र कर्मचारी तन्त्रमा राणाकालीन शैलीमा हुने सरुवा र बढुवामा सरकारको प्रभावले निम्ता गर्ने कुशासनको अब विवेचना हुनुपर्छ । संवैधानिक अंगको नियुक्ति र सरकारी पदाधिकारीको सरुवा-बढुवामा छुट्टै तटस्थ, निष्पक्ष व्यवस्था गर्ने सम्बन्धमा अब नागरिकबीचको बहस छलफल, अध्ययन अनुसन्धानका माध्यमले तत्काल निर्णयमा जानुपर्छ । अहिलेको भ्रष्टाचारको जगमा निर्वाचन जित्ने, गठबन्धनको सिद्धान्तले जनता र देश लुट्ने शासकले हाम्रो सार्वभौमसत्ताको रक्षा पनि सम्भव देखिँदैन भने यिनीहरू सबैको विकास र समृद्धि मात्रै भुलभुलैया नभएर जनता र देशलाई ठग्ने रणनीति हो भन्दा के अत्युक्ति हुन्छ ? विगत केही वर्षयता नेपालका ठूलाठूला दलका नेताहरूको क्रियाकलाप र शासनशैलीबाट प्रमाणित विषयले नेपाली जनता यो निष्कर्षमा पुग्न बाध्य छन् । दलहरूका सिद्धान्त, नेताहरूका आदर्श, विकासको भुलभुलैया, सुशासनको रटान सबै मित्था भएको विषय समयक्रममा नेताहरूले आफ्नो, आफ्नाको नियुक्ति र बन्दोबस्तीले प्रमाणित गरेको विषयमा जनता अब अनभिज्ञ छैनन् । यस्तो अवस्थामा विद्रोही नेतृत्व किन जन्मदैन ? ज्यादती, शोषण, अनियमितता, भ्रष्टाचारको दृष्टिकोणले वर्तमानका विशेषत: गठबन्धनका सरकारले राणा, पञ्चायत र शाही ज्यादती, शोषण र कुशासन आदिलाई छोटो समयमा उछिनेका छन् । अझ नागरिकता विधेयकमा अघिल्लो राष्ट्रपति विद्या भण्डारीको नामको तल गरेको हस्ताक्षर रूपी निर्णयले रामचन्द्र पौडेलप्रतिको हिजोको भरोसा र विश्वास अब कहिल्यै नउठ्ने गरी गल्र्यामगुर्लुम्म ढलेको छ । तत्कालीन प्रधानमन्त्रीले राष्ट्रपतिको उम्मेदवारमा एमालेलाई लत्याउने मनसायलाई नागरिकता विधेयकको प्रमाणीकरणले छारष्ट गरेको छ ।

*-इहिमालय टाइम्स डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२१११९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०८९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ अनुभव मिल्ने र नयाँ योजना बन्नेछ । शुभकार्यको चर्चा पनि चल्नेछ। | **तुला** : महिला वर्गबाट सहयोग मिल्नेछ। धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्। |
| **वृष** : चोटपटकको भय छ सचेत रहनुहोला, नयाँ र शुभ कार्यको थालनी हुनेछ । | **वृश्चिक** : प्रयत्न गरे फाइदा लिन सकिनेछ । साथीभाइसँग समय बित्नेछ। |
| **मिथुन** : ठीक समयमा सही निर्णय लिन सकिनेछ । सामाजिक कार्य अघि बढ्नेछ। | **धनु** : मनोरञ्जन पूर्वक दिन बित्नेछ । नसोचेको ठाउँबाट धनागम हुनेछ । |
| **कर्कट** : राजनैतिक कार्यमा सफलता मिल्नेछ । सांगीतिक क्षेत्रमा रुचि बढ्नेछ। | **मकर** : प्रेममा मनमुटाव आउनेछ । आफ्नो विचार विपरित निर्णय हुनेछ । |
| **सिंह** : समाजसेवामा मन लाग्नेछ । नयाँ ज्ञान सिक्ने मौका पनि मिल्नेछ । | **कुम्भ** : समाजसेवामा मन लाग्ला । शिक्षामा सामान्य सफलता मिल्नेछ । |
| **कन्या** : अधिकारका लागि संघर्ष गर्नुपर्ला, तरपनि कुनै कुराले मन प्रसन्न रहला । | **मीन** : अवसरले मन प्रसन्न रहनेछ । नयाँ व्यक्तिसँग भेटघाटको अवसर मिल्नेछ। |



# नेपाली सिनेमाको भविष्य : झन् अँध्यारो ?



चलचित्रकर्मीले नेपाली सिनेमाको भविष्य थप अन्योल रहेको बताएका छन् । चलचित्रको गुणस्तर समयसापेक्षित रूपमा अपेक्षित वृद्धि नहुनु र वर्ल्ड सिनेमा तथा भिजुल कन्टेन्टमा सहज पहुँच स्थापित हुँदै जानुले यसको भविष्य अन्योलमा रहेको उनीहरूको तर्क छ । निर्माता रामकृष्ण पोखरेल अहिले भर्खर प्लेग्रुप तथा स्कुल जान थालेका बालबालिकाको स्कुलिङले भोलिको सिनेमा बजार निर्धारण गर्ने बताउँछन् । भर्खर बोल्न र स्कुल जान थालेका बालबालिकाका लागि नेपाली भिजुअल सामग्री नभएको उनको भनाइ छ । “अहिले भर्खर बोल्न थालेको र स्कुल जान थालेको बच्चाका लागि इन्टरनेटमा नेपाली सामग्री केही छैन । दुई/चारवटा राइम्सबाहेक बच्चाले हेर्ने सामग्री छैन,” उनी भन्छन्, “अधिकांश समय इन्टरनेटमा बिताउने बच्चाका लागि त्यहाँ नेपाली सामग्री केही पनि छैन भन्दा पनि फरक नपर्ने अवस्था छ ।” केही राइम्स जस्तै, ‘चीँ मुसी चीँ’, ‘म्याउम्याउ बिरालो’, ‘ताराबाजी लैलै’बाहेक अहिले इन्टरनेटमा बालबालिकालाई लक्षित गरेर बनाइएका खासै सामग्री पाइँदैन । जबकि, यही समयमा हिन्दी र अंग्रेजीमा यस्ता कैयौँ सामग्री छन्, जसले बालबालिकाको ध्यान आफूतिर सहजै खिचिरहेका छन् ।

इन्टरनेटमा नेपाली सामग्री नभएपछि बालबालिका हिन्दी वा अंग्रेजीमा केन्द्रित हुने गरेको उनी बताउँछन् । यसले आउँदो पुस्ता केमा केन्द्रित हुँदै छ भन्ने स्पष्ट संकेत देखिएको छ । “हामी अहिले नै नेपाली सिनेमामा दर्शक छैनन् भनिरहेका छौँ । तर, आजको यो अवस्थाले भोलिको दिन झन् कस्तो होला भनेर संकेत गरिरहेको छ,” रामकृष्ण भन्छन्, “बच्चैदेखि हिन्दी र अंग्रेजी कन्टेन्ट हेरेर हुर्किएको बच्चा वयस्क हुँदा नेपाली सिनेमा हेर्छ भनेर कसरी अपेक्षा गर्न सकिन्छ ?” अहिले हुर्कँदै गरेका बालबालिका सिनेमाको दर्शक हुँदासम्म उनीहरूका रोजाइमा नेपाली चलचित्र नहुने उनको धारणा छ । अभिनेत्री ऋचा शर्मा अहिलेका बालबालिकालाई लक्षित गरेर इन्टरनेटमा सामग्री उपलब्ध गराउन ढिलो भइसकेको बताउँछिन् । तुलनात्मक रूपमा इन्टरनेटमा बालबालिकाका लागि नेपाली सामग्री नरहेको र त्यसको असर भोलिका दिनमा देखिने चिन्ता उनी व्यक्त गर्छिन् । “देशको भाषा, संस्कृति र परिवेशबारे बच्चैदेखि सचेत बनाउनुपर्छ । तर, यसका लागि हाम्रोमा आजसम्म कसैको ध्यान गएको देखिँदैन,” उनी भन्छिन्, “कुन समूहको लागि के र कस्तो सामग्री दिने हो, त्यसबारे स्पष्ट भएर हामीले कन्टेन्ट बनाउनुपर्छ ।” यसो गर्न सकिए सचेतना र जानकारी सँगसँगै हुने र त्यसको असर दीर्घकालीन रूपमा पर्ने उनी बताउँछिन् । सचेत गराउँदै जानकारी दिने र त्यसमै बालबालिकालाई इंगेज गराउन जरुरी भइसकेको विषयलाई अब पनि नजरअन्दाज गरे अबेर हुने ऋचाको भनाइ छ । उनी भन्छिन्, “अहिले इन्टरनेटमा हेर्ने हो भने हाम्रो केही राइम्सबाहेक केही छैन । नानी एन्ड बाबु भन्ने च्यानलमा एकाध राइम्स छन्, यसबाहेक त्यति धेरै साम्रगी भएजस्तो मलाई लाग्दैन । तर, त्यही प्लेटफर्ममा हिन्दी, अंग्रेजीसहित विश्वका सयौँ भाषाका कैयौँ कन्टेन्ट छन् । अहिलेका बच्चा त्यसमै छन् ।” नेपाली लोककथा, नेपाल र नेपालीको इतिहास, यहाँको परिवेश, संस्कार र संस्कृतिजस्ता विषयलाई बालबालिकालक्षित गरी उत्पादन गरेर इन्टरनेटमा राख्न सकिने उनी बताउँछिन् । तर, त्यसतर्फ धेरैको ध्यान नगएको ऋचाको बुझाइ छ । बालबालिकालक्षित सामग्री उत्पादनका लागि स्वयं फिल्ममेकर र सरकारी निकायको ध्यान खिचिनुपर्ने उनको धारणा छ । यो अभ्यास बलिउड र हलिउडजस्ता सिनेमा उद्योगमा रहेको ऋचा सुनाउँछिन् । “हलिउड तथा बलिउडमै हामी त्यहाँका फिल्ममेकरले सचेतनाका लागि थुप्रै सामग्री निर्माणमा काम गरेको देख्छौँ । कुन समूहका लागि के आवश्यक छ, त्यसमा केन्द्रित भएर कन्टेन्ट जेनेरेट गरेको देखिन्छ । तर, हाम्रोमा यो अभ्यास भएको छैन,” ऋचा अगाडि थप्छिन्, “हाम्रोमा अहिले फिल्म मेकिङमा आएको पुस्ता जसले यो काम गर्न सक्छ । र, पावरफुल मेकर जसका सिनेमा हेर्न दर्शक आउनुहुन्छ, उहाँहरूले यो काम चाहेको खण्डमा सहजै सक्नुहुन्छ ।”

दयाहाङ राई, दीपकराज गिरीजस्ता कलाकार तथा मेकर यसतर्फ अग्रसर हुनुपर्नेमा उनी जोड दिन्छिन् । “अहिले दयाहाङ राईका सिनेमा हेर्न धेरै दर्शक जानुहुन्छ । दीपकराज गिरीले बनाएको सिनेमा भनेपछि हलमा दर्शक उर्लिनुहुन्छ । उहाँहरूले बालबालिकालक्षित गरेर कन्टेन्ट बनाउनु भयो भने त्यो पक्कै पनि प्रभावकारी हुन्छ ।” यो दायित्व सरकारको भए पनि निजी क्षेत्रले लिड गर्न सक्ने ऋचाको धारणा छ । हरेक देशमा यस्ता सामग्री निर्माणमा सरकारभन्दा निजी क्षेत्रले अग्रसरता देखाउने गरेको उनी बताउँछिन् । नेपाली लोककथाभित्र जीवन र जगत् बुझाउने थुप्रै विषय हुने गरेको उनको अनुभव छ । आफ्नो सानो छोरालाई त्यस्ता लोककथा, बालगीत र त्यसभित्रका प्रसंग बताउने गरेको ऋचा सुनाउँछिन् । आफ्नो समयमा मुना पत्रिकाबाहेक कुनै बालसामग्री नरहेको उनी स्मरण गर्छिन् । केही समयअघि रिलिज गरिएको सिनेमा ‘ऐना झ्यालको पुतली’ले बालमनोविज्ञानका विषयमा धेरै कुरा भनेको उनी बताउँछिन् । यस्ता सिनेमालाई स्कुलस्कुलमा लगेर देखाउनुपर्ने उनको मत छ । “तर, यो सिनेमा कति स्कुलले आफ्ना विद्यार्थीलाई देखाए ?,” उनको प्रश्न छ । कलाकार तथा निर्माता दीपकराज गिरी अहिले बालबालिकालाई जसरी ग्रुमिङ गरिन्छ, पछि त्यस्तै हुने बताउँछन् । बाल्यकालमा जता झुकाव भयो, वयस्कमा सोही दिशा लिनेतर्फ अहिले नै सचेत हुनुपर्नेमा उनको जोड छ । “अहिले भर्खर हुर्किंदै गरेको जेनेरेसनले अहिले इन्टरनेटमा जुन भाषामा कन्टेन्ट हेऱ्यो, भोलि पनि त्यही भाषाको सिनेमा हेर्ने डर पनि छ,” दीपक भन्छन्, “त्यसैले अहिलेबाट नै हाम्रा बच्चाहरूलाई कसरी ग्रुम गर्ने भन्ने हो । अहिले जसरी ग्रुम हुन्छ, भोलि उसको बानी-व्यवहार त्यस्तै हुने हो ।” अहिलेका टेलिभिजन कार्यक्रम र युट्युबका कन्टेन्टले बालबालिकालाई इंगेज गर्न सक्नुपर्ने उनी बताउँछन् । बालबालिकाले कस्तो कन्टेन्ट चाहन्छन् भन्ने बुझेर सामग्री तयार गर्नुपर्ने उनको धारणा छ । “हिजो हामी टेलिभिजनमा ‘तीतो सत्य’ कार्यक्रम लिएर आउँथ्यौँ । त्यहाँ हामीलाई हेर्ने दर्शक नै आजको हाम्रो सिनेमाको दर्शक हो । यो अंकलले हँसाउँछ, त्यसैले सिनेमा हेर्न जाऊँ भनेर आउने हो,” दीपक भन्छन्, “अहिलेको जेनेरेसनको भावना, आकांक्षा र चाहना के हो, त्यसलाई बुझेर कन्टेन्ट बनाउनु अहिलेको आवश्यकता हो ।” तर, अझै अधिकांश टेलिभिजन र युट्युब कार्यक्रम ‘तीतो सत्य’जस्तै हुने गरेको उनको टिप्पणी छ । अहिलेको हास्यव्यंग्य वर्तमान पुस्ताले चाहे र खोजेजस्तो हुनुपर्नेमा उनको जोड छ । “तर, त्यस्तो भएजस्तो लाग्दैन । एकाध कार्यक्रमलाई छोडेर हेर्ने हो भने हास्यव्यंग्यको क्षेत्रमा अहिले पनि ९० प्रतिशतभन्दा धेरै टेलिभिजन कार्यक्रम र युट्युबका कन्टेन्ट तीतो सत्यजस्तै छन्,” उनले भने, “सधैँ एउटै व्यक्ति वा समूहले लिड गर्दैन, हरेकको निश्चित समय हुन्छ । हामीले मात्रै सधैँ लिड गर्ने होइन र त्यो सम्भव पनि छैन । अहिले टेलिभिजन र सिनेमामा आएको नयाँ पुस्ताले अहिलेको र आउँदो जेनेरेसनलाई लक्षित गर्दै इंगेज गर्न सक्नुपर्छ ।”

अन्यथा, हलिउड र बलिउडमा रहेको आकर्षणले निरन्तरता पाउनेमा शंका नरहेको र यो थप बढ्ने डर रहेको दीपकको भनाइ छ । “म ‘गदर-२’ किन हेर्छु भने यसको पहिलो सिरिजले सम्भवत: मेरो युवा अवस्थाको केही सम्झना गराएको थियो होला । त्यसैले अहिले म यो सिनेमा हेर्छु होला,” उनी भन्छन् । आफ्नो दर्शक बढाउन अहिलेदेखि नै लक्षित समूह बनाएर काम गर्नुपर्ने उनी बताउँछन् । सिनेमा ‘ह्विम’ले पनि चल्नेमा दीपक प्रस्ट छन् । “कुनै सिनेमा राम्रो छ भने वर्ड अफ माउथले पनि चल्छ । फलानो सिनेमा राम्रो छ, हेर्न जाऊँ भनेर जाने पनि धेरै हुन्छन्,” उनी भन्छन्, “तर, रेगुलर दर्शकका लागि अहिलेदेखि नै ग्रुम गराउनुपर्छ ।” चलचित्र विकास बोर्डका अनुसार आर्थिक वर्ष २०७९/८० मा ५७ स्वदेशी सिनेमा रिलिज गरिएको थियो । ती सिनेमाका २७ लाख १६ हजार २१७ थान टिकट बिक्री भएको थियो । सोही अवधिमा ७८ विदेशी चलचित्र नेपालमा प्रदर्शन गरिएको थियो । ती चलचित्रका २५ लाख ८५ हजार ६०२ थान टिकट बिक्री भएको थियो । *-बाह्रखरी डटकम*

# ‘रोल कम-बढी होइन, कति सशक्त छ त्यो हेर्छु’




फिल्म ‘नाईं नभन्नू ल ४’बाट अभिनेत्री वर्षा राउतको सुखद उदय भयो । ‘छक्का पन्जा’ र ‘जात्रा’ जस्ता फिल्म सफल भैदिँदा उनको करिअर थप मजबूत बन्यो । चुलबुले र गम्भीर दुवै स्वभावको भूमिकामा आफूलाई अब्बल प्रमाणित गरिसकेकी उनी अब आगामी भदौ १४ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म ‘ऐंचो पैंचो’मा देखिँदैछन्, जसलाई लिएर उनको निकै ठूलो आशा र भरोसा छ । तर, यतिबेला फिल्ममा रोल काटिएकोले उनी असन्तुष्ट रहेको चर्चाले भैरहेको छ । यो कुरा कसरी फैलियो उनी स्वयं अनविज्ञ छिन् । फिल्ममा आफ्नो रोल काटिएको कुरा सत्य नभएको उनी दाबी गर्छिन् । उनी भन्छिन्, ‘सुटिङमै रोल काटिएको भए म प्रचारमा नै हिँड्दिनँ थिएँ । कृषा चौलागाईं (निर्देशक) दिदीले त केही दृश्य थप्नुपर्नेछ फेरि सुटिङ गरौंन भन्दा मैले नै अब नगरौं भनेकी थिएँ ।’

उनलाई फिल्ममा रोल कम-बढीभन्दा पनि त्यो कति सशक्त छ भन्ने कुरा महत्त्वपूर्ण लाग्छ । ‘म रोल कति छ होइन, कति सशक्त छ त्यो हेर्छु । आजसम्म कुनै पनि फिल्म म आफैंले चलाएको भन्ने छैन । त्यसैले रोल २ मिनेटकै किन नहोस्, त्यसले दर्शकको दिमागमा कति प्रभाव पार्छ भन्ने हो,’ उनले भनिन् । कुनै फिल्ममा २ मिनेटको सिन राम्रो लागेर काम गर्न मन लागेको पनि उनको अनुभव छ । वर्षाले ‘ऐंचो पैंचो’बाट आफूले अलि बढी नै आशा राखेको बताएकी छन् । उनले भनेकी छन्, ‘हुन त मलाई हरेक फिल्म नै महत्त्वपूर्ण लाग्छ । यो फिल्मबाट चाहिँ मलाई अझ बढी आशा छ ।

केही राम्रो काम गरेको छु कि जस्तो महशुस भैरहेको छ ।’ ट्रेलरमा उनलाई विवाहित महिलाको रुपमा चित्रण गरिएको छ । यसअघि पनि केही फिल्ममा उनले विवाहित महिलाको भूमिका निभाइसकेकी छन् । ट्रेलरका दृश्यले फिल्म राजनीतिक विषयमा केन्द्रित रहेको बुझाउँछ । तर, निर्देशक कृषा चौलागाईं फिल्म सामाजिक विषयमा बनेको प्रष्ट पार्छिन् । ‘ट्रेलर र टिजरको ढाँचाले फिल्म पोलिटिकल ड्रामा भन्ने लागेको हुनसक्छ । तर, फिल्म सामाजिक विषयमा बनेको छ । राजनीतिको अंश चाहिँ छ । किनकि, समाजमा राजनीतिको प्रभाव हुन्छ । त्यसलाई उतार्ने कोशिस मात्र हो,’ उनले भनेकी छन् ।

*-फिल्मी खबर डटकम*

# चलचित्रमा देखिने कलाकारले भूमिका कसरी पाउने गर्छन् ?




कुनै चलचित्र हेर्ने नहर्ने निर्णय लिने कारण कलाकार हुन्छन् । त्यसैले पोस्टरमा उनीहरूलाई प्रस्तुत गर्ने गरिन्छ । कुनै भूमिकामा कलाकार उपयुक्त देखिँदैनन् भने कुनै भूमिकाले दर्शकको मन मात्र नभई अवार्ड नै जित्न सफल हुन्छन् । चलचित्रमा देखिने कलाकारले ती भूमिका कसरी पाउने गर्छन् ? वा निर्देशकले चरित्र चयन कसरी गर्ने गरेका छन् ? विदेशी चलचित्रमा कलाकार छनोट गर्ने एजेन्सी नै हुन्छ । उनीहरूले नै कथा पढेर पात्रअनुसार कलाकार सुझाव दिने गर्छन् ।

विशेषगरी अभिनेता सुनिल थापाले निर्वाह गरेको ‘राते काइँला’, राजेश हमालले निर्वाह गरेको ‘शंकर’, सौगात मल्लले निर्वाह गरेको ‘हाकु काले’, दयाहाङ राईले निर्वाह गरेको ‘काजी’ लगायतका केही चरित्र दर्शकमाझ लोकप्रिय छ । कथामा लेखिएको पात्रको रूप कस्तो हुन्छ भन्ने तय निर्देशकले गर्ने गरेका छन् । पात्रको गाउँ, स्वभाव, वर्णदेखि शिक्षा र हाउभाउसमेत पात्र छनोट गर्ने निर्देशक वा चलचित्रको निर्देशकले तय गर्छन् । नेपालमा चलचित्रका लागि कलाकार छनोट र भूमिकामा पात्र चयन केही वर्षयता प्रक्रियागत रूपमै हुन थालेको निर्देशक दिनेश राउतले बताए । “मैले सुरुआती समयमा आफू निर्देशक बन्ने मै केन्द्रित रहेर काम गरेँ । सायद त्यो समयमा मैले कलाकार ‘डिमाण्ड’ गर्न सक्दिन थिएँ । त्यसैले काम मात्र गरेँ”, निर्देशक राउतले भने, “पछिल्लो दुई चलचित्र ‘प्रसाद र प्रकाश’मा भने भूमिका सुहाउँदो कलाकारको ‘अडिसन’ लिएर नै चयन गरेको हुँ । किनकि अहिले चलचित्र निर्माण शैली फेरिएको छ । साथै हामीले यो कलाकार चाहियो पनि भन्न सक्छौँ ।” निर्देशनको प्रारम्भ ‘नोभेम्बर रेन’ मार्फत गर्दा उनले सबै काम आफैँ गर्थे । यद्यपि अहिले कलाकार छनोट गर्ने निर्देशक नै हुन्छन् । उनले पछिल्लो चलचित्र ‘प्रकाश’ मा अभिनेता अनुप बराललाई कलाकार छनोटको जिम्मा दिएका थिए ।

चलचित्रको भाषामा ‘कास्टिङ डाइरेक्टर’ भनिन्छ । उनको काम नै कथा लेखिएको पात्रअनुसारको कलाकार छनोट गरेर निर्देशकसम्म पुऱ्याउने हुन्छ । निर्देशक राउत बजारमा हुने व्यापारको अनुमानमा निर्माताले नै मुख्य कलाकार तय गरिसक्ने प्रचलन अझै रहेको बताए । “कुन भूमिकामा कसलाई तय गर्ने निर्देशकको काम हो । तर हामी बजारको निर्देशनभन्दा बाहिर धेरै जान सक्दैनौँ । किनकी सफलता वा असफलताको मापन बक्सअफिसले नै गर्छ”, निर्देशक राउतले भने, “व्यावसायिक पाटोलाई विशेष महत्त्व दिएका चलचित्र अहिले पनि बजारकै निर्देशनमा बनिरहेका छन् । यद्यपि कलात्मक पाटो हावी भएको चलचित्रमा भने प्रयास भएका छन् । परिवर्तन हुँदैछन् ।”

कलाकारले पाएको भूमिकामार्फत निर्देशक र लेखकको सोचलाई पर्दामा देखाउने भएकाले पनि यो महत्त्वपूर्ण विषय हो । तर नेपाली चलचित्रमा लेखिएको पात्रको स्वरूप व्यापारकै आधारमा तय हुने गरेको छ । बेलाबखतमा विभिन्न भूमिकाका लागि अडिसन गर्ने गरिन्छ । तर, त्यस्तो प्रक्रियाबाट पर्दासम्म आइपुग्ने कलाकारको संख्या र पर्दामा हुने महत्व निकै कम छ । *-रासस*

# ट्याक्टर दुर्घटनामा एकको मृत्यु, पाँच घाइते



**पाल्पा,** भदौ ५/जिल्लाको माथागढी गाउँपालिका-२ सपाङ्दीस्थित बाँसटारी-झडेवा भित्री सडक खण्डमा ट्याक्टर दुर्घटना भएको छ । झडेवाबाट रुप्सेतर्फ आउँदै गरेको लु ४ त ६६३२ नम्बरको ग्याबिङ जाली बोकेको ट्याक्टर सोमबार साँझ दुर्घटना भएको हो ।

दुर्घटना हुँदा ट्याक्टरमा सवार एक जनाको मृत्यु भएको छ भने अन्य पाँच जना घाइते भएका छन् । मृत्यु हुनेमा माथागढी-२ दोहोराका ३८ वर्षीय बेदप्रसाद भुषाल रहेको जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रहरी नायव उपरीक्षक वीरेन्द्र थापाले जानकारी दिए । उनको लुम्बिनी मेडिकल कलेज प्रभासमा उपचारको क्रममा मृत्यु भएको हो । यस्तै घाइते हुनेहरुमा माथागढी-२ का ३६ वर्षीय रीपबहादुर सारु, सोही ठाउँका ४४ वर्षीय गोविन्दबहादुर थापा, ३० वर्षीय नरध्वज सारू, २५ वर्षीय सरोज सारु र ३५ वर्षीय टोपबहादुर सारु रहेका छन् । उनीहरुको लुम्बिनी मेडिकल कलेज प्रभासमा उपचार भइरेहको प्रहरीले जनाएको छ । घाइते सबैको अवस्था मध्यम रहेको जनाइएको छ ।

ट्याक्टरमा सवार उनीहरु लेवर काम गर्दै आएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । ट्याक्टर आफै अनियन्त्रित भई सडक छेउको पिल्लरमा ठक्कर खाई सडकमा पल्टिन पुगेको थियो घटनाको थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता थापाले जानकारी दिए ।


# सूचना ! सूचना !! सूचना !!!

**यस राष्ट्रिय गौरबको आयोजना कालिण्डकी करिडोर सडकको हर्मिचौरदेखि अर्बेनी सम्मको सडक चौडा तथा निर्माण कार्य गर्न मिति २०८०/०५/०६ गते देखि २०८०/०५/३१ गतेसम्मका लागि तपसिलमा उल्लिखित समय तालिका अनुसार यातायात बन्द हुने व्यहोरा सर्वसाधारण सबैमा जानकारीको लागि अनुरोध छ ।**

**तपसिल :-**

**विहान ८:०० देखि ११:०० वजेसम्म**

**दिउसो १:०० बजे देखि ५:०० बजेसम्म**

**वेलुका ६:०० बजे देखि १०:०० बजेसम्म**

***योजना प्रमुख***

***कालिगण्डकी करिडोर***

***(गैंडाकोट-राम्दी-मालढुंगा) सडक योजना पाल्पा***

**कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा**

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८० श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना

**कैलाशनगर मिडिया प्रा.लि.**

ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१


## खेलकुद समाचार

# हङकङमाथि नेपालको शानदार जित



**काठमाडौं,** भदौ ५/मलेसियामा भएको चार देश सम्मिलित महिला क्रिकेट सिरिजमा हङकङविरुद्धको खेलमा नेपाल ६ विकेटले विजयी भएको छ । हङकङबाट पाएको ८५ रनको विजयी लक्ष्य नेपालले १५.५ ओभरमा ४ विकेट गुमाउँदै पूरा गरेको हो ।

नेपालका लागि सम्झना खड्का ३६ बलमा ५ चौका सहित सर्वाधिक ३६ रन बनाउँदै अविजित रहिन् । ओपनरका रुपमा गएकी पूजा महतोले १८ बलमा १६ रन जोडिन् । उनी कप्तान क्यारी चानको बलमा बोल्ड हुन पुगिन् । अर्की ओपनर बिन्दु रावल शुन्यमै क्युरा साहारको बलमा एलबीडब्ल्यू बोल्ड भइन् । तेस्रो क्रममा आएकी इन्दुले १३ बलमा ९ रन जोड्दै मरिको हिलको बलमा बोल्ड भइन् । कप्तान रुबिना क्षेत्री २० बलमा १ चौका सहति १० रनमा मार्यम बीबीको बलमा बोल्ड भइन् । सीता राना मगर ८ बलमा २ रनसहित अविजित रहिन् । हङकङका लागि कप्तान क्यारी चान, क्युरा साहार, मरिको हिल र मर्याम बीबीले समान एक विकेट लिए । त्यसअघि, वायुमास स्पोर्ट्स एण्ड इभेन्ट कम्प्लेक्समा टस हारेर ब्याटिङको निम्तो पाएको हङकङले १९.१ ओभरमा अलआउट हुँदै ८४ रन बनाएको थियो । नेपालका लागि सीताले उत्कृष्ट बलिङ गर्दै ४ ओभरमा १६ रन खर्चेर ५ विकेट लिइन् । उनले मिडल ओभरमा विकेटको वर्षा गर्दा हङकङ सस्तैमा प्याक भएको थियो । हङकङका लागि कप्तान क्यारी चानले सर्वाधिक ३४ रन बनाइन् । उनले २९ बलमा २ चौका र १ छक्का प्रहार गरेकी हुन् । उनलाई नेपालकी कप्तान रुबिना क्षेत्रीले बोल्ड आउट गरेकी हुन् । डोरोथिया चानले ३३ बलमा १६ रन बनाइन् । नेपालका लागि ओपनर बलरद्वय कविता कुँवर र पूजा महतोले समान १-१ विकेट लिए । कविताले ४ ओभर बलिङ गरेर १ मेडन सहित १८ रन खर्चिइन् । पूजाले मंगलबार डेब्यु खेलमा ३ ओभर बलिङ गर्दै १ मेडन सहित ५ रन खर्चिइन् । कप्तान रुबिना क्षेत्रीले २ ओभरमा १५ रन खर्चेर १ विकेट तथा इन्दु बर्माले २.१ ओभर बलिङ गर्दै ४ रन खर्चेर २ विकेट लिएका थिए ।


**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# ओरालो लागेको नेप्से परिसूचकमा दोहोरो अंकले वृद्धि



**पाल्पा,** भदौ ५/यो सातामा कारोबारको सुरुआती दुई दिन ओरालो लागेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा तेस्रो दिन भने दोहोरो अंकको वृद्धि देखिएको छ । मंगलबार नेप्से परिसूचक १७ दशमलव ६९ अंकले वृद्धि भएर दुई हजार १५ दशमलव ९८ विन्दुमा कायम भएको हो ।

विभिन्न दुई सय ७७ कम्पनीका ६० लाख ३१ हजार तीन सय ५६ कित्ता शेयर ३४ हजार पाँच सय आठ पटक खरिदबिक्री हुँदा रु एक अर्ब ३३ करोड २५ लाख ६४ हजार सात सय ६९ बराबरको कारोबार भएको छ । एक सय ८१ कम्पनीको शेयर मूल्य बढ्दा ४२ कम्पनीको शेयर मूल्य घटेको छ । नेप्से परिसूचकसँगै सबै उपसमूहको सूचक पनि हरियो देखिएका छन् । सबैभन्दा धेरै निर्जीवन बीमा समूह एक सय २२ दशमलव ४९ र उत्पादन तथा प्रशोधन समूह ८३ दशमलव ९१ अंकले बढेका छन् । बैंकिङ चार दशमलव ७६, विकास बैंक ४३ दशमलव १०, वित्त ३७ दशमलव ५८, होटल तथा पर्यटन ७० दशमलव ५८ र जलविद्युत समूह ३४ दशमलव ३० अंकले बढेको छ । त्यस्तै, लगानी समूह शून्य दशमलव ५९, जीवन बीमा ५० दशमलव ०५, लघुवित्त १६ दशमलव ५१, व्यापार १६ दशमलव ७२ र अन्य समूहको उपसूचक २१ दशमलव ७४ अंकले बढेको छ । कुथेली बुखारी स्मल हाइड्रोपावर लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ९८ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा चार दशमलव ४२ प्रतिशतले गिरावट आएको छ ।

कारोबार रकम र शेयर संख्याका आधारमा सबैभन्दा धेरै कुमारी बैंक प्रमोटर शेयर रु २८ करोड ५९ लाख १९ हजार छ सय छ बराबरको दुई लाख ५३ हजार दुई सय ६२ कित्ता किनबेच भएको छ ।


मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

**विज्ञापनको लागि सम्पर्क :**

**यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.**

**तानसेन, पाल्पा**

**०७५-५२१४६४, ५२१४६६**

E-mail

news.uniquefm@gmail.com

www.uniquefm942.com

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई